| २०७७ बैशाख १ देखि असोज २५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९५ | ६४ | २२३ | ४२ | ३७ | ११ | ६५ | ० | २१३ | **४०२** | **१०१** | **४४७** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज २५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९३ | ६४ | २२२ | ३९ | ३६ | ९ | ३५ | ० | ९४ | **३६७** | **१००** | **३२५** |
| **२०७७ असोज २५ देखि २६ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | लेक लागेर | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

# दैनिक विपद् बुलेटिन

## २५ असोज विहान १०:०० बजेदेखि २६ असोज बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी आज ३ स्थानमा **जंगली हात्तीको आक्रमण,** २ स्थानमा **आगलागी**का घटना घटेका छन् । हात्तीको आक्रमणबाट १ जना **घाईते** भएको छ । आगलागीका कारण **१ लाख ७५ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | ५ | १ | १,७५,००० | ० | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **५** वटा घट्ना भएको छ ।
- **बर्दिया**को ठाकुरबाबा नगरपालिका वडा नं ९ वनतरियास्थित **बिन्द्रापुरी मध्यवर्ति सामुदायिक वन** हुदै साईकलमा दिदीको घर जाने क्रममा पछाडिबाट **हात्तीले आक्रमण गर्दा १ जना घाईते** ।
- **काठमाडौं**को काठमाडौं महानगरपालिका वडा नं २२ न्युरोडस्थित **एक्सीस ईन्टरप्राईजेज स्पोर्ट्स गोदाम** पसलमा **आगलागी** हुँदा गोदाममा रहेको जुत्ता, ब्याडमिन्टन खेल्ने विभिन्न सामान जलेर नष्ट । अन्य क्षतिको विवरण आउन बाँकि ।
- **ईलाम**को चुलाचुली गाउँपालिका वडा नं ३ निर्जलचोकस्थित एक घरमा **जंगली हात्ती आई** घर भत्काई घरभित्र रहेको किराना पसलको सामानहरु खाई **४५ हजार रुपैंया** बराबरको क्षति ।
- **बारा**को जितपुरसिमरा उपमहानगरपालिका वडा नं ८ लोसंडास्थित एक गोठमा मच्छड धपाउनको लागि बालेको घुरबाट आगो सल्किन गई **आगलागी** हुँदा गोठ पूर्णरुपमा जली **१ लाख रुपैंया** बराबरको क्षति।
- **कञ्चनपुर**को महाकाली नगरपालिका वडा नं १ पशुपतिटोलस्थित एक घरमा **जङ्गली हात्ती आई** घरभित्र रहेको भाडाकुडा प्लाष्टिकको ड्रम, ग्यास चुलो फुटाई **३० हजार रुपैंया** बरावरको क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट जंगली हात्तीको आक्रमणमा परी घाईते भएकालाई नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, दमकल र स्थानीयको सहयोगमा आगलागी पूर्ण नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

<u>असोज-२६ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)</u>

- **आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज देशैभरका स-साना नदीमा बहाब सामान्य हुने पूर्वानुमान छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटःhttp://hydrology.gov.np/**

## वर्षाको सारांश

असोज २५ गते बिहान ०८:४५ बजे देखि असोज २६ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/२६ गते बिहान ०८:४५ बजे १८८ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ५७ र स्वचालितः १३१) मा मापन गरिएको वर्षाको विवरण अनुसार कुनै पनि केन्द्रमा वर्षा भएको छैन ।

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## आगामी तीन दिनको मौसम पूर्वानुमान

**असोज २६ गते (सोमबार)**

**दिउँसो :** प्रदेश १, बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिक देखि सामान्य बदली तथा देशका बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहनेछ। प्रदेश १ का पहाडी भू-भागका थोरै स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती:** प्रदेश १ र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिक देखि सामान्य बदली तथा बाँकी पहाडी भू-भागहरूमा आंशिक बदली रहने छ। देशका अन्य भू-भागमा मौसम सामान्यतया सफा रहनेछ।

**असोज २७ गते (मंगलबार)**

**दिउँसो :** प्रदेश १, बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिक देखि सामान्य बदली तथा देशका बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहनेछ। प्रदेश १, बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती:** देशभर मौसम सामान्यतया सफा रहनेछ।

**असोज २८ गते (बुधबार)**

**दिउँसो :** प्रदेश १, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी भू-भागमा आंशिक देखि सामान्य बदली तथा देशका बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहनेछ। प्रदेश १ का एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ।

**राती:** प्रदेश १, गण्डकी र कर्णाली प्रदेशका पहाडी भू-भागमा आंशिक देखि सामान्य बदली तथा देशका बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहनेछ।

**गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।**
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind